# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः ८* *संख्याः ६* *मितिः २०८२/०८/२४*


### भाग-२

### फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

---

## एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण सम्बन्धि कार्यविधि-२०८२

पृष्ठभूमिः

शिक्षा सम्बन्धि स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) मा व्यवस्था भए बमोजिम कार्यपालिकाले विनियोजित रकम उपलब्ध गराएर प्रत्येक ४ वर्षमा गाउँपालिकाले एक जना एम.वि.वि.एस. डाक्टर उत्पादनमा सहयोग गरी गाउँबासीहरूलाई दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यका साथ गरीब, जेहेन्दार तथा आर्थिक रूपले विपन्न विद्यार्थीलाई प्रोत्साहन गर्न र फाकफोकथुम गाउँपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तरिकाले कार्यान्वयन गरी सँस्थागत क्षमता विकास गर्न वाञ्छनीय भएकाले फाकफोकथुम गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ उपदफा (१) को अधिकार प्रयोग गरी फाकफोकथुम गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद .१

## संक्षिप्त नाम ,प्रारम्भ, परिभाषा र उद्देश्य

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण सम्बन्धि कार्यविधि-२०८२, रहेको छ ।

(२) यो कार्यविधि फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

२. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क. “ऐन” भन्नाले स्थानीयसरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. “गाउँपालिका” भन्नाले फाकफोकथुम गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग. “गाउँ कार्यपालिका” भन्नाले फाकफोकथुम गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. “अध्यक्ष” भन्नाले फाकफोकथुम गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ. “उपाध्यक्ष” भन्नाले फाकफोकथुम गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च. “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ. “शिक्षा अधिकृत” भन्नाले फाकफोकथुम गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा गाउँपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखा हेर्न तोकेको कर्मचारीलाई सम्झनु पर्दछ।

ज. “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

झ. “आयोग” भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा कार्यविधि, २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्दछ ।

ञ. “समिति” भन्नाले यस कार्यविधिको दफा (६) मा व्यवस्था भएको एम.वि.वि.एस. तथा प्राविधिक अध्ययन छात्र वृत्तिव्यवस्थापन तथा वितरण समितिलाई सम्झनु पर्दछ ।

३. उद्देश्यः

फाकफोकथुम गाउँपलिकभित्र स्थायी बसोबास गर्ने विपन्न तथा जेहेन्दार विद्यार्थीलाई एम.वि.वि.एस. अध्ययनका लागि प्रोत्साहन गरी पालिकाभित्रकै नागरिकवाट एम.वि.वि.एस. डाक्टर उत्पादन गरी गाउँबासीहरूलाई दिगो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पालिकावाट विनियोजित छात्रवृत्ति रकम उपलब्ध गराउने ।

फाकफोकथुम गाउँपालिका

परिच्छेद-२

एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धि व्यवस्था

४. **एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराउने:** (१) आयोगबाट सञ्चालन हुने एकिकृत परिक्षा (एम.वि.वि.एस.) उर्तीण नतिजाको योग्यताक्रमको सुचीमा समावेश फाकफोकथुम गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने एकजना जेहेन्दार तथा विपन्न विद्यार्थीलाई तोकिए बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(२) गाउँपालिका क्षेत्र भित्रका दुइ वा सो भन्दा बढी विद्यार्थीहरूले उपदफा १ बमोजिम सञ्चालन हुने एकिकृत प्रवेश परीक्षा उर्तीण गरी छात्रवृध्दिको फाराम भरेको खण्डमा अनुसुची ३ का आधारमा एक जनालाई छनौट गरिने छ । छनौट भएको विध्यार्थीले परिच्छेद ४ को दफा ८ मा भएको मापदण्डका आधारमा वार्षिक शूल्कको ७५ प्रतिशत वा रु. ८,००,०००।— अक्षरुपी आठ लाख मात्र जुन कम हुन्छ सोही बराबरको छात्रवृत्ति रकम उपलब्ध गराइनेछ । पहिलो बर्षवाट शुरु भएको छात्रवृध्दि बढीमा चौथो बर्षसम्ममात्र उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको अवस्था गाउँपालिका क्षेत्र भित्र नरहेमा छात्रवृत्तिको कोटा उक्त वर्षका लागि खारेज हुनेछ ।

(४) एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिबाट छनोट भएका र कार्यपालिकाबाट अनुमोदित विद्यार्थीको अध्ययन अवधिभर गाउँसभाबाट विनियोजन भएको रकम सोहि विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

५. **एकिकृत प्रवेश परीक्षा उर्तीण विद्यार्थीले एम.वि.वि.एस.अध्ययन छात्रवृत्तिका लागि आवेदन पेश गर्नुपर्ने :** (१) यस गाउँपालिकामा बसोबास गर्ने एम.वि.वि.एस. अध्ययन छात्रवृत्तिका लागि आवेदन दिन योग्य विद्यार्थीहरूले यस गाउँपालिकाले एम.वि.वि.एस. अध्ययन छात्रवृत्तिका लागि आवेदन माग गरेको अवधिमा तपसिल बमोजिमका कागजातहरू संलग्न गरी गाउँपालिकामा अनुसूची १ बमोजिम आवेदन पेश गर्नुपर्नेछ ।

(क) आयोगबाट सञ्चालन हुने एकिकृत परिक्षा एम.वि.वि.एस.उर्तीण नतिजाको योग्यताक्रमको सूची,

(ख) कक्षा ८ र सो भन्दा माथिल्लो तहमा अध्ययन गरेको शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू,

(ग) सम्बन्धित वडा कार्यालयबाट विपन्न/गरिब प्रमाणित पत्र वा सम्बन्धित वडा कार्यालयबाट परिवारको वार्षिक अम्दानी १० लाख भन्दा कम भएको व्यहोरा प्रमाणित पत्र,

(घ) स्थायी बसोबास खुल्ने कागजातहरूको प्रतिलिपि,

(ङ) अनूसुची २ बमोजिमको कबुलियतनामा फाराम,

(च) आवेदकको जन्मदर्ता वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(छ) कक्षा ८ र सो भन्दा माथिल्लो तहमा अध्ययन गरेको विध्यालय सामुदायिक वा संस्थागत कुन हो सो खुल्ने कागजात ।

## परिच्छेद- ३

## एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

६. **एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको गठन :** (१) यस कार्यविधि बमोजिम वितरण गरिने एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धि कार्य प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन तथा तत् सम्बन्धमा आवश्यक व्यवस्थापन समेत गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) समाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) गाउँपालिका क्षेत्र भित्रका शिक्षाविद्हरू मध्येबाट कम्तिमा एक जना महिला सहित समितिले मनोनित गरेका दुइ जना - सदस्य

(छ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) गाउँपालिका क्षेत्र भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये संयोजकले तोकेको एकजना - सदस्य

(झ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

फाकफोकथुम गाउँपालिका

(२) समितिमा मनोनित सदस्यहरुको कार्यकाल चार वर्षको हुनेछ ।

(३) समितिले आवश्यक्ता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा अन्य व्यात्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(५) समितिले विद्यार्थी छनौट गरेको निर्णय गाउँ कार्यपालिकाले अनुमोदन गर्नुपर्नेछ ।

७. **<u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति कार्यक्रमलाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) एम.वि.वि.एस.अध्ययन छात्रवृत्तिका लागि एक भन्दा बढी विध्यार्थीले आवेदन फाराम भरेको खण्डमा यसै कार्यविधि अनुसार एक जना छनौट गर्ने ।

(ग) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको छात्रवृत्ति कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रूपमा कार्यपालिकामा पेश गर्ने,

(घ) एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरू विच आवश्यक समन्वय गर्ने,

(ङ) एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति सम्बन्धि कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

परिच्छेद- ४

<u>एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण</u>

८. **<u>एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरणका मापदण्डहरू:</u>**

**क)** चिकित्सा शिक्षा आयोगले लिएको एकिकृत प्रवेश परीक्षा उर्तीण गरेको हुनुपर्नेछ ।

**ख)** फाकफोकथुम गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

फाकफोकथुम गाउँपालिका

**ग)** बसाइ सरी आउनेको हकमा आवेदन फाराम खुल्नु भन्दा कम्तिमा एक बर्ष अगाडी नै बसाइ सराइ दर्ता भएको हुनुपर्ने ।

घ) सम्बन्धित वडा कार्यालयबाट विपन्न/गरीब प्रमाणित भएको हुनुपर्ने वा परिवारको वार्षिक आम्दानी १० लाख भन्दा कम भएको व्यहोरा प्रमाणित भएको हुनुपर्ने।

ङ) उपदफा (क) देखि (घ) सम्मका सवै कागजात उपलब्ध नभएमा आवेदन स्वत खारेज हुने छ । मापदण्ड अनुसार कुनै पनि आवेदन नपरेको अवस्थामा सो वर्षको छात्रवृत्ति कार्यक्रम स्वत: रद्द हुनेछ ।

च) यस कार्यविधि बमोजिम छात्रवृत्तिका लागि छनोट भएका आवेदकहरूले छात्रवृत्ति निरन्तरताका लागि अध्ययनरत शिक्षण संस्थाको अध्ययनरत रहेको व्यहोरा खुल्ने प्रमाणित सिफारिस र प्रगति प्रतिवेदन/ग्रेडसिट अनिवार्य रूपमा प्रत्येक वर्ष यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

छ) दोश्रो बर्षदेखि छात्रवृत्ति निरन्तरताका लागि अघिल्लो बर्षको परिक्षामा कम्तिमा ८० प्रतिशत विषय उत्तिर्ण गरेको हुनु पर्नेछ ।

परिच्छेद ५

विविध

९. **कबुलियतनामा गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृत्तिव्यवस्थापन तथा वितरण समितिबाट छनोटभएका विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात कम्तिमा ४ (चार) वर्ष यस गाउँपालिकाको अस्पतालबाट सेवा प्रदान गर्ने गरी अध्ययनका लागि जानु भन्दा अगावै गाउँपालिका समक्ष अनूसुची २ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सेवा गर्दा नेपाल सरकारले तोके बमोजिमको न्यूनतम तलव स्केल मात्र उपलब्ध गराइनेछ ।

१०. **दोहोरो पर्ने गरी छात्रवृत्तिउपलब्ध नगराइने :** यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा सम्वन्धित कलेज, नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन ।

११. **छात्रवृत्ति बाफतको रकम बैंक खाता मार्फत भुक्तानी गरीने :** (१) कार्यविधि बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिबाट छनोट भएका विद्यार्थीका लागि

गाउँ कार्यपालिकाबाट विनीयोजन भएको छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा वा अध्ययनरत शिक्षण संस्थासँग त्रिपक्षिय सम्झौता गरी शिक्षण संस्थाको खातामा सिधै जम्मा हुने गरी बैंक मार्फत भुक्तानी गरीनेछ ।

(२) विद्यार्थीको खातामा रकम प्राप्त गरेको खण्डमा खातामा रकम प्राप्त भए पश्चात उक्त रकम अध्ययनरत शिक्षण संस्थामा दाखिला गरेको भर्ना शुल्क, रजिष्टेसन शुल्क, मासिक शुल्क लगायतका विल र भर्पाईका प्रतिलिपिहरू गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१२. **<u>सम्झैता रद्द गर्न सक्ने :</u>** (१) यस कार्यविधि बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिबाट छनोट भएका विद्यार्थीले परिच्छेद (४) दफा (८) को उपदफा (छ) र परिच्छेद (५) को दफा (११) मा व्यवस्था गरे बमोजिमका आवश्यक कागजातहरु यस कार्यालयमा पेश नगरेको अवस्थामा गाउँपालिकाले सम्झैता रद्द गर्न सक्नेछ ।

(२) छात्रवृति छनौट भइसके पश्चात काबु भन्दा बाहिरको अवस्था बाहेक शिक्षण संस्थामा भर्ना नभएमा, अध्ययन बिचमै छोडेमा वा अध्ययन पुरा नगरेमा वा कबुलियतनामामा बमोजिम सेवा नगरेमा उपलब्ध गराइएको छात्रवृत्ति रकम ब्याज सहित सरकारी बाँकी सरह असुल उपर गरी सम्झौता रद्द गरिनेछ ।

१३. **<u>अनुगमन :</u>** यस कार्यविधि बमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति वापत प्रदान गरीएको रकम प्रयोग सम्बन्धमा समितिले अनुगमन गर्न सक्नेछ ।

१४. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने :</u>** (१) आर्थिक व्ययभार सिर्जना हुने बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम कर्तव्य र अधिकारहरू मध्ये केही काम,कर्तव्य र अधिकारहरू समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त काम कर्तव्य र अधिकारहरू मध्ये केही काम, कर्तव्य र अधिकारहरू अध्यक्ष, उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **<u>बाधा अड्काउ फुकाउ गर्न सक्ने :</u>** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै दुबिधा उत्पन्न भएमा बाधा अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो दुबिधा वा बाधा अड्चन फुकाउन सक्नेछ ।

१६. **<u>प्रचलित कानुन लागु हुने</u> :** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुन बमोजिमको व्यवस्था लागु हुनेछ ।

१७. **<u>कार्यविधिमा संसोधन</u>:** यो कार्यविधिलाई आवश्यक संसोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सकिनेछ ।

फाकफोकथुम गाउँपालिका

अनुसूची १

(दफा ५ सँग सम्बन्धित)

छात्रवृत्ति पाउनको लागि दिने निवेदन

श्री गाउँपालिका अध्यक्ष ज्यू,

फाकफोकथुम गाउँपालिका, आमचोक इलाम।

विषय : एम. वि. वि. एस. छात्रवृति पाउँ।

महोदय,

प्रस्तुत विषयमा यस फाकफोकथुम गाउँपालिका वडा नं. ..... बस्ने श्री........... को नाति/नातिनी श्री......................... को छोरा/छोरी म श्री.............. ले एम.वि.वि.एस. अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भइ एम.वि.वि.एस. अध्ययन गर्न कठीनाई भएकोले तहाँ कार्यालयबाट एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति वितरण गर्नको लागि मिति २०../...../... मा खुलेको सूचना बमोजिम उक्त कार्यक्रममा सहभागि हुन यस गाउँपालिकाले जारी गरेको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण सम्बन्धि कार्यविधि, २०८२ ले तोकेको मापदण्ड बमोजिम योग्य भएकोले आवश्यक कागजात सहित निवेदन पेश गरेको छु । मैले पेश गरेको विवरण ठिक साँचो हो । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझौला ।

निवेदकः

नामथरः..................

ठेगानाः...................

हस्ताक्षरः...................

मितिः....................

सम्पर्क नं................

फाकफोकथुम गाउँपालिका

## अनुसूची - २

(दफा ९ संग सम्बन्धित)

(कबुलियतनामा फाराम)

फाकफोकथुम गाउँपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धि कार्यविधि, २०८२ को दफा (९) मा व्यवस्था भएको एम.वि.वि.एस.अध्ययन छात्रवृत्तिका लागि छनोट भएका फाकफोकथुम गाउँपालिका वडा नं.........स्थायी निवासी श्री .......................... फाकफोकथुम गाउँपालिका समक्ष गरेको कबुलियतनामा

इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वडा नं ........स्थायी निवासी श्री ............................. को नाती/नातिनि, श्री ..................... को छोरा/छोरी वर्ष ......... को म श्री .............................. ले फाकफोकथुम गाउँपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धि कार्यविधि, २०८२ बमोजिम व्यवस्था भएको एम.वि.वि.एस. अध्ययन छात्रवृत्तिका लागि छनोट भइ श्री ............................ (शिक्षण संस्थाको नाम र ठेगाना) मिति २०...../...../..... देखि संचालन हुने एम.वि.वि.एस. कार्यक्रम अध्ययनमा जान लागेकोले मैले फाकफोकथुम गाउँपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि, २०८२ को दफा ९ अनुसार फाकफोकथुम गाउँपालिका इलामसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु ।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मिति भित्र ................................ (शिक्षण संस्थाको नाम ठेगाना) मा हाजिर हुन जानेछु । अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्ण पालना गर्नेछु ।

(ख) उल्लेखित छात्रवृत्ति कार्यक्रम संचालनका लागि फाकफोकथुम गाउँपालिकाको छात्रवृत्तिव्यवस्थापन तथा वितरण सम्बन्धि कार्यविधि, २०८२ लाई पुर्ण पालना गर्नेछु ।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात गाउँपालिकाले तोकेको न्युनतम् सेवा सुविधामा कम्तिमा ४ (चार) वर्ष फाकफोकथुम गाउँपालिकाको मातहतमा रहि अनिवार्य सेवा गर्नेछु ।

(घ) काबुभन्दा बाहिरको अवस्था बाहेक मेरो निजि कारणले अध्ययन पुरा नगरी बिचमै छोड्ने छैन र मैले यस भन्दा पहिले कुनै पनि सरकारी निकायबाट यहिँ विषयमा छात्रवृत्ति सुविधा लिएको छैन । अध्ययन पुरा गरे पश्चात गाउँपालिकाले खटाएको स्थानमा गइ सेवा गर्नेछु । अध्ययनको समयमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् कार्यविधिमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा गाउँपालिकाले छात्रवृत्तिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सो मा गाउँपालिकाले निर्धारण गरेको ब्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाकीँ सरह असूल उपर गर्नका लागि मञ्जुर छु ।

(च) अध्ययन पश्चात फाकफोकथुम गाउँपालिकामा रहेको अस्पतालमा तलब बाहेक अन्य कुनै पनि भत्ता नलिने सर्तमा सेवा दिनेछु ।

| | |
|---|---|
| कबुलियतनामा गराउने अधिकृत स्तरको कर्मचारीको : | कबुलियतनामा गर्ने विद्यार्थीको : |
| दस्तखत .......................... | दस्तखत .......................... |
| नाम,थर .......................... | नाम,थर .................................. |
| पद .................................. | ठेगाना .................................... |
| मिति .................................... | मिति .................................... |

रोहबरमा बस्ने :

सम्बन्धित वडाका जनप्रतिनिधिको नाम,थर :

हस्ताक्षर :

विद्यार्थीका अभिभावकको नाम,थर र ठेगाना :

हस्ताक्षर :

शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखको नाम,थर र ठेगाना :

हस्ताक्षर :

फाकफोकथुम गाउँपालिका

अनुसूची ३

(परिच्छेद २ दफा ४ को उपदफा २ बमोजिम)

एक भन्दा बढी विध्यार्थीले छात्रवृत्तिको आवेदन भरेमा निम्न मापदण्डका आधारमा एक जना छनौट गरिने छ ।

| क्र स | मापदण्ड | अङ्क भार |
|---|---|---|
| १. | आयोगबाट सञ्चालन हुने एकिकृत परिक्षा (एम.वि.वि.एस.) उर्तीण नतिजाको योग्यताक्रम | प्रथम २० दोश्रो १५ त्यस पछीका सवै १० (दुइजना मात्र भएमा प्रथम २० दाश्रो १५) |
| २. | कक्षा ८—१० अध्ययन गरेको विध्यालय | सामुदायिक २० संस्थागत १० |
| ३. | परिवारको आर्थिक श्रोत | किसान २० व्यपार व्यवसायी र निजि क्षेत्रको कर्मचारि १५ सरकारी शिक्षक कर्मचारी १० |
| ४. | एकाघरको व्यक्तिको अन्य आर्थीक श्रोत | विदेश नगएको वा दक्षिण एवम् मध्ये एसियन मुलुकमा रोजगारीको लागि गएको १० अन्य मुलुक जुनसुकै भिसामा गएको भए पनि ५ |
| ५. | एस इइ को नतिजा | ए र ए प्लस १० सो भन्दा मुनी ५ |
| ६. | परिवारको अवस्था | बाबु आमा मध्ये दुवै वा एकजना अभिभावकको दश वर्ष अघि मृत्यु भएको भएमा १५, पाँच वर्ष अघि मृत्यु भएको भएमा १०, बाबु आमा दुवै अभिभावक भएको ५ |

आज्ञाले
निर्मल तुम्रोक
(प्रमुख प्रशासकीय अधिकृत)